# ९ दोस्रो सुसमाचारीय यात्रा

*यस अध्यायका मूल पदहरू:* प्रेरित १६, रोमी ३:२८, गलाती २:१६, प्रेरित १७, १ कोरन्थी १:२३ र प्रेरित १८:१-१०।

*यस अध्यायको मूल सार पद:* **"कसैसित डर नमान्नु। आफूले बोल्नुपर्ने कुरा बोलिरहनु। चुपचाप नबस्नु। म तिमीसँग छु। कसैले तिमीलाई हमला गर्नेछैन र हानी पुऱ्याउनेछैन, किनभने यस सहरमा मेरा धेरै मानिसहरू छन्।" (प्रेरित १८:९,१०)।**

**पावल र बारनाबास एन्टिओखियामा आएपछि त्यहाँको चर्चलाई तिनीहरूले अझ सिक्षित बनाएका थिए र अरू सुसमाचार प्रचारमा संलग्न भएका थिए।** पावल र बारनाबास मिलेर काम गरेको यो अन्तिम पटक हुन सक्छ किनभने तिनीहरूको बीचमा पछि भनाभन भएर एक आपसमा अलग्गिएका थिए। तिनीहरूको विवादको मूल विषय मर्कूस थिए। मर्कूस बारनाबासको भतिजो थिए (कलस्सी ४:१०)। जब पहिले सुसमाचार प्रचार गरिएको ठाउँहरूमा जान पावलले बारनाबासलाई अनुरोध गरेका थिए बारनाबासले आफ्नो भतिजालाई पनि लिएर जान चाहेका थिए। तर विगतको समयमा मर्कूसले धोका दिएको कारणले उनलाई लान पावलले मञ्जुर गरेनन्।

पावल र बारनाबास छुट्टिनु त आशिषमय भएको थियो। किनभने जब तिनीहरू छुटिएर **फरक** फरक ठाउँहरूमा सुसमाचार प्रचार गर्न गए तब तिनीहरूले झन टाढा टाढा क्षेत्रहरूमा सुसमाचार सुनाउन अवसर पाएका थिए। बारनाबासले मर्कूसलाई लिएर साइप्रस फर्किए। यो बारनाबासको आफ्नो देश थियो (प्रेरित ४:३६)। बारनाबासको सट्टा पावलले साइलसलाई आफूसँग सुसमाचार प्रचार गर्न लगे। तिनीहरू सिरिया र सिलिकियामा गए जहाँ चर्चहरू थिए। त्यहाँ तिनीहरूले विश्वासीहरूलाई सिकाउँदै तिनीहरूको मनोबल बलियो बनाएका थिए। प्रथम पटक एन्टिओखियमा आउनुभन्दा पहिले पावलले आफ्नो घर टारससमा धेरै वर्षहरू बिताएका थिए (प्रेरित ९:३०, ११:२५,२६)। तब आफूले स्थापना गरेका झुण्ड वा चर्चहरूमा गएर तिनीहरूलाई उत्साह दिने अवसर पाएका थिए। तर पावलले अनुमान गरेको भन्दा उनको निम्ति परमेश्वरको ठूलो र फराकिलो योजना थियो।

## १. लिस्त्रामा पावल फर्किन्छन्

लूकाले केलाएर वा जुन् महत्त्वपूर्ण घटनाहरू छन् त्यसलाई मात्र लेख्ने शैलीले गर्दा पावललाई सिधै लिस्त्रा र डर्बीमा आएको उल्लेख गर्दछन्। सिरिया र किलिकियाका क्षेत्रहरूमा पावल गएर चर्चहरू कसरी थामीरहेका छन् भनेर हेरेका थिएमात्र भनि लूकाले लेखेका छन् (प्रेरित १५:४१)।

**अरू मानिसहरूलाई सुसमाचार सुनाउँदा पावल कतिको संवेदनशील भएर चलेका थिए वा अरूलाई चित्त नदुख्ने गरेर तिनीहरूको धर्मको मर्मलाई बुझेर परमेश्वरको निम्ति उदाहरण बनेका थिए? हेर्नुहोस् प्रेरित १६:१-१३ "१ पावल डर्बी र लुस्त्रामा पनि आए। त्यहाँ तिमोथी नाउँ भएका एक जना चेला थिए। तिनी एउटी विश्वासी यहूदी स्त्रीका छोरा थिए, तर तिनका बुबा भने ग्रीक थिए। २ लुस्त्रा र आइकोनियनका भाइहरूमा तिनको नाउँ चलेको थियो। ३ तिनलाई पावलले साथमा लैजान इच्छा गरे। ती ठाउँहरूमा रहने यहूदीहरूका कारणले गर्दा पावलले तिनलाई लगेर खतना गरे। किनकि तिनका बुबा ग्रीक थिए भन्ने उनीहरू सबैलाई थाहा थियो। ४ अब तिनीहरू सहरहरूका बाटो भएर जाँदा तिनीहरूले यरूशलेमका प्रेरितहरू र एल्डरहरूले गरेका निर्णयहरू यिनीहरूलाई पालन गर्नू भनी सुनाइदिए। ५ यसरी मण्डलीहरू विश्वासमा दह्रिला हुँदै र संख्यामा दिनहुँ बढ्दैगए। ६ पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न मनाही भएकोले तिनीहरू फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए। ७ माइसियाको साँधमा आएपछि तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे। तर येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन। ८ तब माइसिया भएर तिनीहरू त्रोआसमा गए। ९ राती पावललाई एउटा दर्शन भयो– माकेडोनियाको एक जना मानिस खड़ा भई तिनलाई बिन्ती गरिरहेको थियो, "माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नोस्।" १० जब तिनले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौं। हामीले यो निश्चय गऱ्यौं कि तिनीहरूलाई सुसमाचार प्रचार गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको रहेछ। ११ तब हामीहरू त्रोआसबाट जहाजमा चढ़ी सोझै सामोथ्राकेतिर गयौं, र भोलिपल्ट नियापोलिसमा आइपुग्यौं, १२ र त्यहाँबाट फिलिप्पीमा आइपुग्यौं, जो माकेडोनियाको प्रमुख सहर र रोमी उपनिवेश पनि हो। हामी त्यस सहरमा केही दिन बस्यौं। १३ अब शबाथमा सहरको ढोकाबाट बाहिर नदी किनारमा गयौं, किनकि त्यहाँ प्रार्थना गर्ने ठाउँ छ भनी हामीले अनुमान लगाएका थियौं, र त्यहाँ**

**हामी बस्यौं र जम्मा भएका स्त्रीहरूसँग बातचित गर्न लाग्यौं।" (प्रेरित १६:१-१३)।**

तिमोथीको बुबा अन्य जाति वा अयहूदी थिए तर उनको आमाचाहिँ यहूदी इसाई थिइन्। उनको आमाको नाउँ युनिस थियो। तिमोथीलाई खतना गराइएको थिएन। तै पनि सानैदेखि उनमा धर्मशास्त्रको ज्ञान थाहा थियो (२ तिमोथी ३:१५)। त्यसको अर्थ उनी धर्मपरायण मानिस थिए भन्ने आभास् दिन्छ। इसाई भएकोले स्थानीय विश्वासीहरूको श्रद्धा र प्रशंसा उनले अघिबाटै पाएका थिए।

आमा यहूदी भएकीले तिमोथीलाई यहूदीमै गनिएको थियो। पिता अयहूदी भएकोले तिमोथीलाई बिधिपूर्वक आठौं दिनमा खतना गरिएको थिएन। उनको पिता ग्रीक वा पाश्चिमी सभ्यताको मानिस भएकोले खतना गर्नु असभ्य भनेर ठानिएको हुनसक्छ।

पावलले तिमोथीलाई आफ्नो सहयोगी बनाउन चाहेका थिए तर उनले खतना नगरेको कारणले यहूदीहरूको सभाघर वा सिनिगगहरूमा उनलाई प्रवेश गर्द दिँदैनन् भनेर पावललाई थाहा थियो। यदि उनी जबरजस्ती सभाघरमा गए भने उनलाई र पावललाई यहूदी धर्मलाई भ्रष्ट पार्ने भनेर यहूदीहरूले आरोप लगाउन सक्थे र तिनीहरूले परमेश्वरको वचन सुन्न अस्वीकार गर्न सक्थे। त्यसैले गर्दा पावलले तिमोथीलाई खतना गर्न दिए। त्यस समयको परिस्थितिको निम्ति पावलको नियत व्यवाहारिक थियो। त्यसको अर्थ उनी आफूले सुनाएका सुसमाचारबाट पन्छिए भन्न मिल्दैन।

**पावल** पहिलो सुसमाचार यात्रामा गएका ठाँउहरूमा गएपछि उनी दक्षिणपश्चिम क्षेत्रमा रहेका सहरमा जान चाहे। त्यो एशिया क्षेत्रको एफिसी सहर हुनसक्थ्यो। तर पवित्र आत्माले उनलाई त्यहाँ नजानु भनेर निर्देशन दिनुभयो। तब उनी उत्तरतिर गए र बिथिनिया भन्ने सहरमा जान चाहे। तर कुनै रहस्यमय तरिकाले पावललाई पवित्र आत्माले त्यहाँ पनि नजान अऱ्हाउनुभयो। पावल मिसिया भन्ने ठाउँ भएर जानुपर्ने भएकोले अब उनी पश्चिम दिशामा रहेको समुद्री बन्दरगाह ट्रोआसमा जानुपर्ने भयो। त्यहाँबाट उनी जहाज चढेर धेरै ठाउँहरूमा जान सक्थे।

रातको सपनामा उनलाई एजियन समुद्रमा जहाज चढेर माकोडोनियामा जान परमेश्वरले देखाउनुभयो। जब उनका साथीहरूले उनी माकोडोनियामा

जाने निर्णय गरेको देखे तब त्यहाँका बासिन्दाहरूलाई पनि सुसमाचार बाँड्नुपर्ने रहेछ भनेर थाहा पाए।

**पावलले तिमोथीलाई किन खतना गराए? सोच्नुहोस्। कतिपय अवस्थामा आवश्यकै नभएतापनि परमेश्वरको निम्ति ठूलो काम गर्न केही कुराहरूमा सम्झौता गर्नुपर्दो रहेछ भनेर पावलको उक्त क्रियाकलापले हामीलाई कसरी सिकाउँछ?**

## २. फिलिप्पीमा

माकोडोनियामा पावल र उनका साथीहरूले यात्रा गरेपछि तिनीहरू फिलिप्पीमा गए। त्यहाँ तिनीहरूले प्रथम इसाई चर्च पश्चिमी मुलुक युरोपमा स्थापना गरे।

**ती सुसमाचार सुनाउने प्रचारकहरू सबाथ दिनमा कहाँ र किन गए? त्यसको फलस्वरुप त्यहाँ के भयो? हेर्नुहोस् प्रेरित १६:११-२४ "११ तब हामीहरू त्रोआसबाट जहाजमा चढ़ी सोझै सामोथ्राकेतिर गयौं, र भोलिपल्ट नियापोलिसमा आइपुग्यौं, १२ र त्यहाँबाट फिलिप्पीमा आइपुग्यौं, जो माकेडोनियाको प्रमुख सहर र रोमी उपनिवेश पनि हो। हामी त्यस सहरमा केही दिन बस्यौं। १३ अब शबाथमा सहरको ढोकाबाट बाहिर नदी किनारमा गयौं, किनकि त्यहाँ प्रार्थना गर्ने ठाउँ छ भनी हामीले अनुमान लगाएका थियौं, र त्यहाँ हामी बस्यौं र जम्मा भएका स्त्रीहरूसँग बातचित गर्न लाग्यौं। १४ अनि थिआटीरा सहरकी निवासी, बैजनी वस्त्रको व्यापार गर्ने लिडिया नाउँकी एउटी ईश्वरभक्त स्त्रीले हाम्रा वचन सुनिन्। पावलले बोलेका कुरा ध्यानसँग सुनून् भनेर प्रभुले तिनको हृदय खोलिदिनुभयो। १५ जब तिनी र तिनका घरका सबैको बप्तिस्मा भयो, तब तिनले हामीलाई बिन्ती गरिन्, "यदि तपाईंहरूले मलाई प्रभुकी विश्वासीनी ठान्नुहुन्छ भने मेरो घरमा आएर बस्नुहोस्।" र तिनले हामीलाई कर लगाइन्।**

**१६ जब हामी प्रार्थना गर्ने ठाउँमा गइरहेका थियौं, तब जोखना हेर्ने आत्मा भएकी एउटी कमारी केटीसँग हाम्रो भेट भयो, जसले जोखना हेरेर त्यसका मालिकहरूका निम्ति धेरै कमाइ गरिदिन्थी। १७ त्यो पावल र हाम्रा पछिपछि लागी, र यसो भन्दै चिच्च्याई, "यी मानिसहरू सर्वोच्च परमेश्वरका सेवकहरू हुन्। यिनीहरूले तिमीहरूलाई मुक्तिका बाटोको घोषणा गर्छन्।" १८ त्यसले धेरै दिनसम्म यसो गरिरही। तब पावलले झिजो मानेर फनक्क फर्की**

**त्यस दुष्टात्मालाई भने, "येशू ख्रीष्टको नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दछु।" अनि त्यो दुष्टात्मा त्यही घड़ी निस्किहाल्यो। १९ तर त्यसका मालिकहरूले तिनीहरूका कमाइका आशा विफल भएको देखेर पावल र सिलासलाई समातेर बजारको चोकमा शासकहरूकहाँ तान्दै लगे। २० अनि तिनीहरूलाई सहरका हाकिमहरूकहाँ ल्याएर भने, "यी मानिसहरू यहूदी हुन्, यिनीहरूले हाम्रो सहरमा गोलमाल मच्चाउँछन्। २१ यिनीहरूले यस्ता-यस्ता प्रथाहरू सिकाउँछन् जो हामी रोमीहरूलाई ग्रहण गर्न वा पालन गर्न न्यायसङ्गत छैन।" २२ तब भीड़हरू मिलेर तिनीहरूमाथि जाइलागे। सहरका हाकिमहरूले तिनीहरूका वस्त्र च्यातेर फालिदिए, र तिनीहरूलाई छड़ी लगाउने आज्ञा दिए। २३ उनीहरूले तिनीहरूलाई निकै छड़ी लगाएपछि तिनीहरूलाई झ्यालखानमा हालिदिए, र झ्यालखानका हाकिमलाई यी कैदीहरूलाई कड़ा निगरानीमा राख्ने हुकुम दिए। २४ यस्तो हुकुम पाएर उनले तिनीहरूलाई झ्यालखानको भित्री भागमा लगी तिनीहरूका खुट्टामा ठिँगुरो ठोकेर राखिदिए।"**

जुन जुन सहरमा गएपनि सबाथ दिनमा स्थानीय यहूदी सभाघरमा गएर तिनीहरूलाई येशूको सुसमाचार सुनाउने पावलको चलन थियो (प्रेरित १३:१४,४२,१७:१,२ र १८:४)। सबाथ दिनमा पावल र उनका साथीहरू केही स्त्रीहरू, यहूदी र परमेश्वरका अयहूदी उपासकहरूसँग फिलिप्पीको नदीको किनारामा प्रार्थना गर्न गए। त्यसको अर्थ फिलिप्पीमा सिनिगग वा यहूदीहरूको धर्मसभा घर नभएको हुनसक्छ। यो अत्यन्त जान्नुपर्ने कुरो हो कि यहूदी सभाघरमा पावलको जाने चलन केवल सुसमाचार सुनाउनको निम्ति मात्र थिएन तर यस दिनलाई उनले पवित्र दिन मानेर परमेश्वरको आराधना गर्न जान्थे।

(माथिका पदहरूले पावलको अनुभव बताउँदछ। एक जना टुनामुना गर्ने स्त्री उनीहरूको पछि पछि लागेर सहरका मानिसहरूलाई तिनीहरू को हुन् भनेर फलाक्दै थिइन्। पावल त खुशी हुनुपर्ने हो कि मूर्तिपूजा गर्ने सहरमा अशुद्ध आत्माले तिनीहरूको पहिचान दिएको थियो। तर त्यस स्त्री चिच्याउँदै पछि लाग्नुले यो बुझ्नुपर्छ कि उनले पावल र सिलासको प्रशंसा गरिरहेकी थिइनन् बरू तिनीहरूले सुसमाचार सुनाउने बेलामा उनी चिच्याएर तिनीहरूले सुनाउने सन्देशमा बाधा दिइरहेकी थिइन् ताकि अरूले सन्देशलाई प्रस्टरूपमा नसुनुन्। पावलको हप्काइले दुष्ट आत्मा त्यस स्त्रीबाट निस्कियो तर परमेश्वरको वचनलाई भन्दा आफ्नो आमदानीको लोभले गर्दा उनको मालिकले

सहरै उल्ट्याएर पावल र सिलासलाई झुठो आरोप लगाएर आक्रमण गऱ्यो। अनि सहरको हाकिमले तिनीहरूलाई पिटेर झ्यालखानामा राखिदिए। (अनुवादकको टिप्पणी)।

पावल र सिलास झ्यालखानामा परिरहेको बेलामा तिनीहरूले के गर्दै रहे? त्यहाँ के भयो? अनि झ्यालखानाको हाकिमले येशूमा कसरी विश्वास गर्न पुगे? मुक्ति पाउन के आवश्यकता रहेछ? (अनि अन्यायमा परेको पावलले आफ्नो रोमी नागरिकताको अधिकार कसरी खोजे? तिनले त्यसले पावललाई आफ्नो देश वा त्यसबेला विश्व साम्राज्य रोमको नागरिकताप्रति कसरी गौरब देखाए?), हेर्नुहोस् प्रेरित १६:२५-४० "२५ तर आधा राततिर पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए, र अरू कैदीहरूले सो सुनिरहेका थिए। २६ तब एक्कासि एउटा ठूलो भैंचालो गयो, र झ्यालखानका जगहरू हल्लिए, र तुरुन्तै जम्मै ढोकाहरू उघ्रिए, र सबैका बन्धनहरू खुले। २७ झ्यालखानका हाकिम निद्राबाट ब्यूँझे, र झ्यालखानका ढोकाहरू उघ्रेका देखेर कैदीहरू सबै भागिसके भन्ठानेर उनले अपहत्या गर्ने विचारले आफ्नो तरवार थुते। २८ तर पावलले चर्को सोरले यसो भन्दै कराए, “तपाईंले आफूलाई केही नोक्सानी नगर्नुहोस्, किनकि हामी सबै यहीं छौं।” २९ तब बत्ती मागेर उनी हामफाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका अगाडि घोप्टो परे। ३० तिनीहरूलाई बाहिर ल्याएर उनले भने, “उद्धार पाउनलाई मैले के गर्नुपर्छ?” ३१ अनि तिनीहरूले भने, “प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ– तपाईं र तपाईंका परिवारले।” ३२ तिनीहरूले उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए। ३३ तब रातको त्यही घड़ी उनले तिनीहरूलाई लगेर घाउ धोइदिए। अनि उनी र उनका परिवारले तुरुन्तै बप्तिस्मा लिए। ३४ त्यसपछि तिनीहरूलाई घरमा ल्याएर तिनीहरूका सामने भोजन राखिदिए, र परमेश्वरमा विश्वास गरे भन्ने कुरामा उनका सारा परिवारसँग उनी आनन्दित भए। ३५ तर उज्यालो भएपछि सहरका हाकिमहरूले सिपाहीहरूलाई यो आदेश दिई पठाए, “ती मानिसहरूलाई छोडिदेओ।” ३६ तब झ्यालखानका हाकिमले पावललाई यो कुरा सुनाए, “सहरका हाकिमहरूले तपाईंहरूलाई छोडिदिने आदेश दिनुभएको छ। यसकारण अब निस्केर शान्तिसँग जानुहोस्।” ३७ तर पावलले तिनीहरूलाई भने, “हामी रोमी नागरिकलाई दोषी नै नठहराईकन उनीहरूले मानिसहरूका सामुन्ने पिटे, र झ्यालखानमा पनि हाले, र अब हामीलाई गुप्तमा निकाल्न खोज्छन्? यो हुन सक्दैन। उनीहरू आफै

**आऊन् र हामीलाई निकालेर लैजाऊन्।" ३८ ती सिपाहीहरूले हाकिमहरूलाई यी कुरा सुनाए। तिनीहरू त रोमी नागरिक रहेछन् भन्ने सुनेर उनीहरू डराए। ३९ उनीहरूले आएर तिनीहरूसँग क्षमा मागे, र तिनीहरूलाई बाहिर लगे र सहर छोडी जाने अनुरोध गरे। ४० तिनीहरू झ्यालखानबाट बाहिर निस्केर लिडियाको घरमा गए, र भाइहरूसँग भेटघाट गरेपछि उनीहरूलाई प्रोत्साहन दिई बिदा भए।"**

निःसन्देह झ्यालखानाको हाकिम मूर्ति पुजक थियो र येशूको बारेमा थाहा थिएन। तर राति जुन् घट्ना घट्यो त्यसले गर्दा उसको मन पग्लेको थियो र आफूले आत्महत्या गर्न खोजेकोमा पाप गर्न पुगेको भनेर महसुस गऱ्यो। आफ्नो पापबाट मुक्ति पाउन के गर्नुपर्छ भनेर पावल र सिलासलाई सोध्दा येशूलाई विश्वास गर अनि मुक्ति पाउनेछौ भनेर विश्वास दिलाए। यो जवाफले मुक्ति भनेको केवल येशूलाई मात्र विश्वास गरे पुग्छ भन्ने धारणासँग एकदम तालमेल भएको देखिन्छ (रोमी ३:२८, गलाती २:१६)। यो पनि हामीले जान्नु जरुरी छ कि झ्यालखानाको हाकिमले येशूलाई विश्वास गऱ्यो भन्दैमा पावलले तुरन्तै बप्तिस्मा दिएनन्। सुसमाचारको अरू वचनहरू सुनाएपछिमात्र उनी र उनका परिवारले बप्तिस्मा लिए। धर्मशास्त्रको उचित मौलिक सिद्धान्त वा शिक्षा र व्यवहारिक ज्ञानलाई पन्छाएर बप्तिस्मा लिँदैमा सदाको निम्ति मुक्ति पाएँ अब मैले केही सिक्नु वा गर्नुपर्दैन भन्नु मनासिब देखिँदैन।

झ्यालखानाको हाकिमको बारेमा हामीलाई के थाहा छ? के उनी यहूदी हुन् वा अन्य जातिबाट यहूदी भएका हुन् वा मूर्तिपुजक हुन्? तर जे भएतापनि उनले मुक्ति पाउन येशूलाई प्रभु र मुक्तिदाता भनेर ग्रहण गर्नु आवश्यक थियो। उनी सिपाहीँहरूका हाकिम कर्नेलियस वा लिदिया (प्रेरित १६:१४) र प्रेरितमा उल्लेखित अरू धेरै अयूहूदीहरू जसले परमेश्वरलाई विश्वास गरेर उहाँलाई उपासना गर्ने हुनसक्थे होलान्, हुनसक्छ उनले पावलले सहरमा प्रचार गरेको सुसमाचार पहिला सुने होलान्। त्यसको बारेमा हामीलाई विस्तृत विवरण थाहा नभएपनि "ए, उनले येशूलाई विश्वास गरे अब तुरन्तै बप्तिस्मा दिए हुन्छ" भन्दै चाहिने शिक्षा नदिएर हतारमा बप्तिस्मा दिने विषयलाई बाइबलले अनुमोदन गर्दैन।

**हाम्रो मुक्तिको निम्ति येशूको बलिदान पर्याप्त छ र पूरा छ भनेर ती पदहरूले हामीलाई कसरी सिकाउँदछन्? तपाईंको जीवनमा येशूको धार्मिकता नै**

तपाईंको निम्ति खोल हो जसले तपाईंलाई मुक्ति र सुरक्षाको प्रत्याभूति दिने केवल एकमात्र आशा हो भनेर कसरी विश्वस्तपार्दछ? हेर्नुहोस् प्रेरित १६:३१-३४ "३१ अनि तिनीहरूले भने, "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ– तपाईं र तपाईंका परिवारले।" ३२ तिनीहरूले उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए। ३३ तब रातको त्यही घड़ी उनले तिनीहरूलाई लगेर घाउ धोइदिए। अनि उनी र उनका परिवारले तुरुन्तै बप्तिस्मा लिए। ३४ त्यसपछि तिनीहरूलाई घरमा ल्याएर तिनीहरूका सामने भोजन राखिदिए, र परमेश्वरमा विश्वास गरे भन्ने कुरामा उनका सारा परिवारसँग उनी आनन्दित भए।"

## ३. थेस्सोलोनिका र बेरियामा

फिलिप्पी सहरका हाकिमहरू आएर पावल र सिलासलाई क्षमा माग्दै झ्यालखानाबाट निकालि दिए र तिनीहरूलाई सहर छोड्न बिनम्र अनुरोध गरे। तब तिनीहरूसँग कुनै विवाद नगरि ती सुसमाचारवाहक यात्रुहरूले फिलिप्पी सहर छोडे (प्रेरित १६:३५-४०)। त्यहाँबाट पावल र उनका सहयोगीहरू सिधै थेस्सोलोनिकामा गए। यो माकोडोनियाको राजधानी थियो (यो युरोप देश ग्रीकको एक सहर हो। हालसम्म पनि यो पर्यटकहरूको निम्ति प्रख्यात छ)।

थेस्सोलोनिकामा पावलले अन्य जाति वा अयहूदीहरूलाई सफलतापूर्वक सुसमाचार सुनाएका थिए। तर त्यहाँका यहूदीहरूले तिनीहरूलाई डाहा गरेर त्यसप्रति कस्तो प्रतिक्रिया देखाए? हेर्नुहोस्, प्रेरित १७:१-९ "१ पावल र सिलास अम्फिपोलिस र अपोल्लोनियाको बाटो भएर थेसलोनिकेमा आए। त्यहाँ यहूदीहरूको एउटा सभाघर थियो। २ पावल आफ्नो आदतअनुसार तिनीहरूकहाँ भित्र गए, र तीन सातासम्म धर्मशास्त्रबाट तिनीहरूसँग बहस गर्दैरहे। ३ "ख्रीष्टलाई अवश्य दुःख भोग्नु र मृतकबाट जीवित हुनुपर्थ्यो, र यी नै येशू, जसको सुसमाचार म तपाईंहरूलाई सुनाउँछु, उहाँ नै ख्रीष्ट हुनुहुन्छ" भन्ने कुराको अर्थ खोलिकन तिनले प्रमाणित गरिदिए। ४ तिनीहरूमध्ये कति जना विश्वास गरेर पावल र सिलासतर्फ लागे। ठूलो संख्यामा ईश्वरभक्त ग्रीकहरू र कतिपय प्रमुख महिलाहरू पनि लागेका थिए। ५ तर डाहले भरिएर यहूदीहरूले बजारका बदमाशहरूलाई जम्मा गरी हूल उठाएर सहरमा खैलाबैला मच्चाउन लाए, अनि यासोनको घरमा हमला गरेर पावल र सिलासलाई जनताको सामुन्ने उन खोजे। ६ तिनीहरूलाई फेला पार्न नसक्दा, उनीहरूले यासोन र कुनै-कुनै

**भाइहरूलाई सहरका शासकहरूकहाँ यसो भनेर कराउँदै घिस्स्याएर ल्याए, "संसारलाई उलटपुलट पार्ने यी मानिसहरू यहाँ पनि आइपुगेका छन्। ७ तिनीहरू यासोनका पाहुना भएका छन्, र तिनीहरू सबैले येशू भन्ने एक जना अर्कै राजा छन् भनेर कैसरका हुकुमको विरुद्ध काम गर्दछन्।" ८ यो कुरा सुनेर मानिसहरू र सहरका शासकहरू आत्तिए। ९ उनीहरूले यासोन र तिनका साथमा भएका बाँकी मानिसहरूसँग धरौटी लिएर तिनीहरूलाई छोडिदिए।"**

यस थेस्सोलिनिकी सहरमा पनि पावलले यहूदी सभाघर खोजेर त्यहाँ सुसमाचार सुनाए। धेरै ईश्वरभक्त ग्रीक वा अन्य जाति र केही प्रतिस्ठित महिलाहरूले पावलको वचनमा सहमति जनाएका थिए। येशूलाई विश्वास गर्ने ती नयाँ विश्वासीहरू पावल र सिलाससँग मिलेर (प्रेरित १७:४) अर्कै झुण्ड खडा गरेको देखिन्छ। तिनीहरूले सायद यहूदी धर्मसभा घरबाट अलग्गिएर यासनको घरमा सङ्गती गर्न थालेका हुनसक्छन्।

अनि अतिवादी यहूदीहरूले पावल र सिलासप्रति डाही भएर सहरमा गुण्डाहरू जम्मा गरेर दङ्गा मचाए। पावल, सिलास र तिमोथी (नाउँ उल्लेख नगरेतापनि)लाई सार्वजनिक अड्डामा ल्याएर दोषी ठहऱ्याउन चाहेका थिए। तर ती सुसमाचार यात्रुहरूलाई भिँडको कोलाहलमा भेट्टाउन सकेनन् र तिनीहरूले यासन र अरू नयाँ विश्वासीहरूलाई जबरजस्ती तानेर स्थानीय प्रशासनमा ल्याए। राजनैतिक रूपमा खैलबैला गर्ने वा सिजरको विरुद्धमा सिकाउनेहरूलाई यासनले शरण दिए भनेर प्रशासकहरूको सामु दोष लगाए।

**पावल र सिलास थेस्सलोनिकाबाट बेरियामा गए। त्यहाँ यहूदीहरूलाई बाइबल सिकाउँदा त्यहाँका यहूदीहरू थेस्सलोनिकाकाभन्दा फरक थिए। सुसमाचार प्रचारकहरूप्रति बेरियाका यहूदीहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् प्रेरित १७:१०-१५ "१० भाइहरूले तुरुन्तै पावल र सिलासलाई राती नै बेरिया पठाइदिए, अनि जब तिनीहरू त्यहाँ पुगे तब तिनी यहूदीहरूको सभाघरभित्र गए। ११ यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढ़ी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे। १२ यसकारण यिनीहरूमध्ये धेरैले, साथै निकै जना उच्च घरानाका ग्रीक महिलाहरूले र पुरुषहरूले समेत विश्वास गरे। १३ तर जब परमेश्वरको वचन पावलद्वारा बेरियामा पनि प्रचार भइरहेको छ भन्ने थेसलोनिकेका यहूदीहरूले थाहा पाए, तब उनीहरू त्यहाँ पनि भीड़हरूलाई उचाल्न र उक्साउन आइपुगे। १४ तब**

**भाइहरूले तुरुन्तै पावललाई समुद्रपट्टि पठाइदिए। तर सिलास र तिमोथीचाहिँ त्यहीं नै बसे। १५ पावललाई पुऱ्याउन जानेहरूले तिनलाई एथेन्ससम्म ल्याए। सिलास र तिमोथीचाहिँ जति सक्दो चाँड़ै तिनीकहाँ आउनुपर्छ भन्ने आज्ञा पाएर तिनीहरू फर्के।"**

प्रेरित १७:११मा बेरियाका यहूदीहरूलाई भला भनेर सम्बोधन गरिएको छ। यो युजिनेस (eugenes) भन्ने शब्दबाट आएको हो। त्यसको अर्थ खानदानी वा उच्च वर्गमा जन्मिएको भन्ने हुन्छ। तर यो शब्दले प्रायजसो उदार वा उचित बिचार भएको मानिसहरूलाई सम्बोधन गरिन्छ। बेरियाका यहूदीहरूलाई सम्बोधन गर्दा त्यही भन्न खोजिएको पाइन्छ। बेरियाका यहूदीहरू केवल पावल र सिलाससँग सहमत भएकोलेमात्र प्रशंसाका पात्र भएका थिएनन् तर तिनीहरू आफूले सुनेका वचनहरू बाइबल धर्मशास्त्र अनुसार ठीक छ कि छैन भनेर दिनदिनै पल्टाएर जाँच्ने गर्दथे। सुसमाचार सुनिंदा केवल जोश र भावुक भएर तुरन्तै ग्रहण गर्ने तर बौद्धिक आत्मज्ञान पाएर सुसमाचारलाई विश्वास गरिएन भने जोश र भावले ग्रहण गरेको सुसमाचारको प्रभाव छिट्टै सेलाएर जाने सम्भावना हुन्छ।

त्यहाँ पनि पावल र सिलासको सफलता देखेर थेस्सलोनिकाबाट यहूदीहरू आएर तिनीहरूको बिरुद्धमा मानिसहरूलाई उक्साएर सताउन थाले। त्यसले गर्दा पावल र सिलास बेरियाबाट ग्रीकको प्रख्यात सहर एथेन्समा जान बाध्य भए।

**तपाईंले पढेका वा सुनेका वचनहरू सत्य हुन् कि होइनन् भनेर बाइबलमा पछिल्लो पटक कहिले जाँचेर हेर्नुभएको थियो?**

## ४. पावल एथेन्समा

पौराणिक ग्रीक वा युनानको सहर एथेन्स बुद्धिजीविहरूको प्रमुख थलो थियो। त्यस सहरले ग्रीक सभ्यतालाई झल्काउँथ्यो। त्यो सहर मूर्ति नै मूर्तीहरूले भरिएको थियो भने पनि हुन्छ। प्रख्यात मानिसहरूको सिंहमर्मरका शालिकहरू र देवीदेवताहरूका मूर्तिहरू जताततै फैलिएका थिए। त्यहाँ आगोरा भन्ने सार्वजनिक स्थल थियो जुन त्यो सहरको मानिसहरूको छलफल गर्ने केन्द्र थियो। त्यस भित्र जाने बाटोभरि मूर्तिहरूले सजाइएको थियो। जब पावलले त्यस सहरमा मूर्ति नै मूर्तिहरूले भरिएको देखे तब उनलाई धेरै दुःख लाग्यो। सृष्टिकर्ता परमेश्वरलाई भन्दा हातले बनाएका देवीदेवताहरूलाई भगवान मान्ने

चलनले उनलाई दुःखी तुल्याएको थियो। जब पावल एथेन्स सहरमा पसे तब उनले पहिला सिनिगग वा यहूदी धर्मसभाघरहरूमा जाने चलनलाई परिवर्तन गरे। प्रत्येक सबाथमा यहूदी र ईश्वरभक्त अयहूदीहरूसँग तर्क बितर्क गरे तर अरू दिनहरूमा तिनले ग्रीक वा त्यहाँका बुद्धिजीविहरूसँग सार्वजनिक स्थल वा पार्कमा दिनदिनै छलफल गरे (प्रेरित १७:१५-२१मा यसरी लेखिएको छ "१६ पावलले तिनीहरूलाई एथेन्समा पर्खिरहँदा, त्यो सहरलाई मूर्ति नै मूर्तिले भरिएको देखेर तिनको आत्मा तिनीभित्र व्याकुल भयो। १७ यसैकारण तिनले यहूदीहरू र ईश्वरभक्त जनहरूसँग सभाघरमा, र भेटिएका जतिसँग चाहिँ बजारमा दिनहुँ तर्क गर्थे। १८ इपिक्युरी र स्तोइकी दार्शनिकहरूमध्ये पनि कतिले तिनीसँग वाद-विवाद गरे। उनीहरू कतिले भने, "यो बकबके के भन्छ?" अरूहरूले भने, "अरू कुनै विदेशी देवी-देवताहरूको प्रचार गर्नेजस्तो देखिन्छ।" किनकि तिनले येशू र मृतकबाट जीवित हुने कुराको प्रचार गर्थे। १९ तब उनीहरूले तिनलाई अरियोपागसमा लगे र सोधे, "तपाईंले दिनुभएको यो नयाँ शिक्षा के हो, के हामी जान्न सक्छौं? २० किनकि तपाईं हाम्रो कानमा अनौठा कुराहरू सुनाउँदैहुनुहुन्छ। यसकारण यी कुराको मतलब के हो सो हामी जान्न चाहन्छौं।" २१ सबै एथेन्सबासीहरू र त्यहाँ बस्ने विदेशीहरू नौलो-नौलो कुरा भन्न वा सुन्नबाहेक आफ्नो समय अरू कुनै कुरामा बिताउँदैनथे)"।

एथेन्सका मानिसहरू जहिले पनि नयाँ कुराहरू सुन्न उत्सुक थिए। त्यसकारण केही दार्शनिक तथा बुद्धिजीविहरूले पावलको शिक्षा सुन्न चासो राखे। उनलाई सार्वजनिक आरियोपागसमा सम्बोधन गर्न निम्तो दिइयो। यो एथेन्स सहरको सबभन्दा माथिल्लो सल्लाहकार समिति थियो। जब पावल तिनीहरूको सामु बोल्न खडा भए उनले धर्मशास्त्र बाइबलबाट छलफल सुरू गरेनन्। बाइबलमा उल्लेखित इस्राएलीहरूलाई परमेश्वरले गर्नुभएको कारोबारको बारेमा उनले बोल्न सुरू गरेनन् जुन् यहूदीहरूका सभाघरमा जाँदा सुरू गर्दथे (प्रेरित १३:१६-४१)। धर्मशास्त्र बाइबल नै नजानेका र इस्राएली इतिहाससँग मतलब नभएकाहरूसँग धर्मशास्त्र बाइबलको वचन भनेर छलफल गर्नु उपलब्धिमुलक हुने उनले देखेका थिएनन्। तर बाइबलका महत्त्वपूर्ण आत्मज्ञानहरू मूर्तिपूजा गर्ने संस्कारका मानिसहरूले बुझ्नेगरि आफ्नो भनाइ पावलले प्रस्तुत गरे।

आरियपागसमा भेला भएका मानिसहरूको सामु पावलले परमेश्वर, मुक्ति, इतिहास र मानवताको महान् सत्यहरूको बारेमा प्रचार गरेका थिए। उनले सम्बोधन गरेका विषयबस्तुहरू के थिए? हेर्नुहोस् प्रेरित १७:२२-३१ "२२ पावलले अरियोपागसको बीचमा खड़ा भएर भने, "एथेन्सका मानिस हो, तपाईंहरूलाई म सब कुरामा अति धर्मानुरागी देख्तछु, २३ किनकि घुमफिर गर्दैजाँदा तपाईंहरूले पुज्ने वस्तुहरू मैले देखे। मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ जसमा "अज्ञात देवताको निम्ति" भन्ने खोपिएको रहेछ। यसैले जसलाई तपाईंहरू नजानिकन पुज्नुहुन्छ उनलाई म तपाईंहरूका माझमा घोषणा गर्दछु। २४ "परमेश्वर, जसले संसार र त्यसमा भएका यावत् थोक बनाउनुभयो, उहाँ स्वर्ग र पृथ्वीका प्रभु भएका हुनाले हातले बनाएको मन्दिरमा वास गर्नुहुन्न, २५ उहाँलाई कुनै थोकको खाँचो परेजस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस्। किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ। २६ उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो, २७ तिनीहरूले परमेश्वरलाई खोजून्, सायद तिनीहरूले छामछुम गरेर उहाँलाई भेट्टाउलान् कि भन्ने आशामा यसो गरियो। तर पनि उहाँ हामी हरेकबाट टाढ़ा हुनुहुन्न। २८ किनभने "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ।" तपाईंहरूका आफ्नै कविहरूले पनि भनेका छन्, 'हामी निश्चय उहाँकै सन्तान हौं।' २९ "तब हामी परमेश्वरका सन्तान भएका हुनाले, परमेश्वर सुन, चाँदी वा पत्थरजस्तै हो भनी हामीले ठान्नुहुँदैन– यिनीहरूचाहिँ मान्छेका कला र कल्पनाका प्रतिरूप मात्र हुन्। ३० यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ। ३१ किनकि उहाँले एक दिन तोकिदिनुभएको छ, जुन दिन उहाँले आफूले नियुक्त गर्नुभएका एक जना व्यक्तिद्वारा धार्मिकतामा संसारको इन्साफ गर्नुहुनेछ। उनलाई मृतकबाट जीवित पार्नुभएर उहाँले सबै मानिसहरूलाई यसको प्रमाण दिनुभएको छ।"

आफूलाई अत्यन्त सभ्य र संस्कृति सम्पदाको धनी देशका बासिन्दाहरू भनेर गर्व गर्ने मूर्तिपूजक श्रोताहरूको निम्ति सृष्टिकर्ता सनातन परमेश्वरको बारेमा चर्चा गरेको सुन्दा हाँसोलाग्दो भएको थियो। तिनीहरूमा भएको धर्मले परमेश्वर र धार्मिक आत्मज्ञानहरूको धारणा बिग्रिएको थियो। पावलले आफ्नो प्रवचन कसरी टुङ्ग्याए भन्ने कुरा हामीलाई थाहा छैन किनकि

जब जब उनले संसारमा गरिने परमेश्वरको न्यायको बारेमा चर्चा गर्दथे तब मानिसहरूले उनको कुरा काट्दथे (प्रेरित १७:३१ "३२ जब तिनीहरूले मृतकबाट जीवित हुने विषयमा सुने, तब कसै-कसैले गिल्ला गरे। तर अरूहरूले चाहिँ "हामी फेरि यस विषयमा तिम्रा कुरा सुन्नेछौं" भने। ३३ त्यसपछि पावल तिनीहरूका बीचबाट गए। ३४ तर कोही मानिसहरू तिनका साथ लागे, अनि विश्वास गरे। तिनीहरूमध्ये अरियोपागसका डियनुसियस, दामारिस नाउँ भएकी एउटी स्त्री, र अरू मानिसहरू पनि थिए")। सृष्टिकर्ता परमेश्वरको धारणा र ग्रीकहरूले बुझेका देवताहरूको बारेमा धारणाले दुई कुरामा टक्कर खाएको थियो: (१) मानिसहरूले यस संसारमा जे गर्दछन् वा तिनीहरूको मामिला भन्दा एकदम माथि परमेश्वर हुनुहुन्छ। उहाँ अपारको परमेश्वर हुनुहुन्छ (२) मानिस मरेपछि उसको पुनरुत्थान हुनेछ भन्ने धारणामा तिनीहरूको विश्वास थिएन। त्यसैले गर्दा पावलले स्पष्टरूपमा भन्दछन् कि सुसमाचार ग्रीक सभ्यताका मानिसहरूको निम्ति मूर्खता हो (१ कोरन्थी १:२३)। एथेन्समा उनको प्रचारले केवल थोरै मानिसहरूलेमात्र सुसमाचारलाई विश्वास गरे।

तर जसले विश्वास गरे तिनीहरू एथेन्स समाजका प्रख्यात बुद्धिजिवीहरू थिए। तिनीहरूमा डिओनिसियस थिए जो आरियोपागास वा सहरको सल्लाहकार समितिका सदस्य थिए। डिमारिसको नाउँ उल्लेख गर्दा उनी पनि त्यही स्तरकी व्यक्ति थिइन् भन्ने जनाउँछ। उनी सल्लाहकार समितिको सदस्य हो वा होइन भन्ने थाहा नभएतापनि उनी एथेन्स समाजको प्रतिष्ठित व्यक्ति थिइन् (प्रेरित १७:३४)।

**आरियोपागसमा पावलले गरेको सम्बोधनले उनमा एथेन्सको सामाजिक र सांस्कृतिक ज्ञान थियो भनेर देखाउँछ। तिनीहरूकै कविहरूबाट आफ्नो तर्क प्रस्तुत गर्न उद्धृत गरेका थिए (प्रेरित १७:२८)। विभिन्न मानिसहरूलाई सुसमाचार सुनाउँदा कस्तो खालको तरिका अपनाउनु पर्छ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ?**

## ५. कोरन्थीमा पावल

कोरन्थीमा पावलको अनुभव प्रेरित १८:१-११मा उल्लेख गरिएकोछ। त्यहाँ उनी अठार महिना रहेका थिए। त्यहाँ व्यापारी दम्पत्ती अकिलास र प्रिस्किलासँग भेट भयो जो उनको निम्ति जिवनभर साथी हुन

गएका थिए (रोमी १६:३,२ तिमोथी ४:१९)। पावलले तिनीहरूलाई भेट्नुभन्दा पहिले तिनीहरू इसाई भइसकेका थिए भनेर आभास् दिन्छन्। सायद सम्राट् क्लोडियोसको उर्दीले रोमबाट धेरै यहूदीहरूलाई निकाला गरिएको थियो। कतिपय ती यहूदीहरू इसाई थिए। स्वटोनियस भन्ने रोमको इतिहासकारले बताए अनुसार यहूदी समुदायमा अशान्ति मच्चिएकोले यहूदीहरूलाई निकालिएको थियो, ती यहूदीहरू "ख्रीष्टको नाउँसँग" सम्बन्धित थिए (क्लोडियस २५.४)। त्यसको अर्थ स्थानीय यहूदीहरूलाई यहूदी इसाईहरूले येशूको बारेमा रोममा प्रचार गरेको हुनुपर्छ। अकिलास र प्रिस्किलाहरू पनि त्यही गतिविधिमा समावेश भएको हुनुपर्छ। अकिलास र प्रिस्किला पावल जस्तै यहूदी पृष्ठभूमिबाट आएका इसाई भएरमात्र तिनीहरू साथी भएका थियनन् तर दुवै जना एउटै पेशाका थिए।

**पावलको कोरन्थीमा सुसमाचारीय क्रियाकलापको नतिजा कस्तो भयो भनेर प्रेरित १८:१-१७ले यसरी बताउँछ "१ त्यसपछि तिनी एथेन्सबाट बिदा भएर कोरिन्थमा गए। २ तिनले पोन्टस-निवासी अकिलास नाउँ भएका एक जना यहूदीलाई भेटे। तिनी आफ्नी पत्नी प्रिस्किलासँग इटालियाबाट आएका थिए, किनकि सम्राट् क्लौडियसले सबै यहूदीहरूलाई रोमबाट निस्किजाने आज्ञा दिएका थिए। पावल उनीहरूलाई भेट्न गए। ३ एकै पेशाका हुनाले तिनी पनि उनीहरूसँगै बसे, र काम गरे। किनकि उनीहरूको पेशा पाल बनाउने थियो। ४ हरेक शबाथमा तिनी सभाघरमा बहस गर्थे, र यहूदी र ग्रीकहरूलाई बुझाउने प्रयत्न गर्थे। ५ जब सिलास र तिमोथी माकेडोनियाबाट आइपुगे, पावल वचनको प्रचारमा व्यस्त थिए, र यहूदीहरूलाई येशू नै ख्रीष्ट हुनुहुन्छ भनी तिनले शिक्षा दिँदैथिए। ६ तर जब उनीहरूले विरोध गरेर तिनको निन्दा गर्न लागे, तब तिनले आफ्नो लुगा टकटक्याएर उनीहरूलाई भने, “तिमीहरूको रगत तिमीहरूकै थाप्लोमा परोस्, म निर्दोष छु। अब उप्रान्त म अन्यजातिहरूकहाँ जानेछु।” ७ तब तिनी त्यहाँबाट परमेश्वरको भक्ति गर्ने तीतस युस्तस नाउँ भएका मानिसको घरमा गए। उनको घर सभाघरको छेवैमा थियो। ८ सभाघरका शासक क्रिस्पसले सपरिवार प्रभुमा विश्वास गरे, र कोरिन्थीहरूमध्ये पनि धेरैले पावलका वचन सुनेर विश्वास गरे, र बप्तिस्मा लिए। ९ एक रात दर्शनमा प्रभुले पावललाई भन्नुभयो, “नडराऊ, तर बोल्दैजाऊ, र चूप नलाग, १० किनकि म तिम्रो साथ छु, र कसैले तिमीलाई आक्रमण गरेर हानि गर्न सक्नेछैन, किनकि यस सहरमा मेरा धेरै मानिसहरू छन्।” ११ अनि परमेश्वरको वचन सिकाउँदै**

**पावल एक वर्ष छ महिनासम्म तिनीहरूसँग बसे। १२ जब गलियोन अखैयाका शासक भए, तब यहूदीहरू एकै मतका भईकन पावलमाथि आक्रमण गरे, र तिनलाई अदालतमा ल्याए, १३ र यसो भने, "यस मानिसले व्यवस्थाको विरुद्ध परमेश्वरको आराधना गर्न मानिसहरूलाई सिकाइरहेछ।" १४ जब पावल बोल्नै लागेका थिए, तब गलियोनले ती यहूदीहरूलाई भने, "यहूदी हो, यदि साँच्ची नै यो केही अन्याय वा दुष्ट अपराधको कुरो हुँदो हो त मैले तिमीहरूको कुरा सुन्न उचित हुनेथियो। १५ तर शब्दहरू, नाउँहरू र तिमीहरूको आफ्नै व्यवस्थाको सवाल भएको हुनाले तिमीहरू आफै विचार गर। म यस्ता कुराहरूको इन्साफ गर्न इन्कार गर्छु।" १६ अनि उनले तिनीहरूलाई अदालतबाट धपाइदिए। १७ तब तिनीहरू सबैले सभाघरका शासक सोस्थेनेसलाई समातेर अदालतको सामने पिटे। तर गलियोनले त्यस कुराको केही वास्तै राखेनन्।"**

जब माकोडोनियाबाट सिलास र तिमोथी आए तब तिनीहरूले त्यहाँका चर्चहरूबाट केही आर्थिक सहायता ल्याएका थिए (२ कोरन्थी ११:८,९)। त्यस सहायताले गर्दा पावल आफ्नो सबै समय सुसमाचार प्रचार गर्नमा लाग्न सके। पावलको पाल बनाउने पेशा थियो। आफ्नो जीविका धाउन आफैले काम गर्नुपर्छ भन्ने पावलको नीति थियो। तापनि उनले यो पनि सिकाएका थिए "जो सुसमाचार प्रचार गर्न खटिन्छ उसलाई सुसमाचारकै सहायताले जिउन दिनुपर्छ" (१ कोरन्थी ९:१४ रूपान्तरित)।

कतिपय यहूदीहरूले पावलको खुलारूपमा बिरोध गरेतापनि केही यहूदीहरू र अन्य जाति वा परमेश्वरको आराधना गर्ने अयहूदीहरूले सुसमाचारलाई ग्रहण गरेका थिए। तिनीहरूमा यहूदी सभाघरको नाइके क्रिस्पस र उनका सबै परिवार थिए। तर यहूदीहरूले तनाव पनि ल्याएका थिए। तिनीहरूले ठूलो खैलाबैला पनि मच्चाएका थिए (प्रेरित १८:१२-१७)। त्यसले गर्दा पावल कोरन्थीबाट जाने तरखरमा लागेका थिए। तर रातमा परमेश्वरले उनलाई दर्शन दिएर त्यहीँ बस्न हौसला दिनुभएको थियो (प्रेरित १८:९-११)।

आन्टियोखियमा फर्किने बेलामा पावलले अखिलास र प्रिस्किलालाई पनि लिएर गए। केही दिन बिताएपछि तिनीहरूलाई एफिससमा छोडे। एफिससमा हुँदा पावलले यहूदी सभाघरमा प्रचार गर्ने अबसर पाएका थिए। त्यहाँको सकारात्मक प्रतिक्रियाले गर्दा "यदि परमेश्वरको इच्छा भएर फेरि फर्केर आउने वचन दिए"। "१८ यसपछि पावल धेरै दिनसम्म त्यहाँ बसे। तब भाइहरूसँग बिदा भई तिनी जहाजमा सिरिया गए। तिनीसँग प्रिस्किला र

अकिलास पनि थिए। कुनै भाकलको करारमा तिनले किंक्रियामा आफ्नो कपाल खौरे। १९ तिनीहरू एफिससमा आइपुगे, अनि पावलले तिनीहरूलाई त्यहीँ छोड़े, र आफूचाहिँ एउटा सभाघरमा पसेर यहूदीहरूसित बहस गर्न लागे। २० तब उनीहरूले तिनलाई अझ केही दिन बस्ने बिन्ती गर्दा तिनले इन्कार गरे। २१ उनीहरूसँग बिदा हुँदा तिनले भने, "परमेश्वरको इच्छा भए म फेरि तिमीहरूकहाँ फर्केर आउनेछु।" तब तिनी जहाजमा चढ़ी एफिससबाट गए।" प्रेरित १८:१८-२१। यसरी पावलले आफ्नो सुमाचारीय यात्रालाई फेरि निरन्तरता दिए।

**यहूदीहरूको दुर्व्यवहारले गर्दा पावल निराश र बिचलित भएका थिए। तर उनलाई हौसला चाहिएकोले परमेश्वरले कोरन्थीका मानिसहरूलाई पनि सुसमाचार सुनाउनुपर्छ भन्नुभएको थियो (प्रेरित १८:१०)। हामी पनि कतिपय समयमा हामीहरूको कामले गर्दा हामी हताश निराश हुनसक्छौं। तर पावलले पनि त्यही परिस्थितिको सामना गर्दा परमेश्वरले हौसला दिनुभएको वचनले हामी पनि प्रतिकुल परिस्थितिमा पर्दा हामीलाई पनि त्यस वचनले कसरी हौसला मिल्न सक्छ?**

## उपसंहारः

**थप जानकारीः** "बाइबलबाट निकालिएको सत्य ज्ञानहरूलाई कतिपय मानिसहरूले नरुचाउलान्। तर त्यसको कारणले गर्दा सिकाउनेहरू निराश हुनुहुँदैन। कतिपय समयमा इसाई भनेर दावी गर्नेहरूले नै ती सत्यहरूलाई खुशी मानेर ग्रहण गर्लान् भन्ने पनि छैन। पावल र उनको सहयोगीहरूले पनि मानिसहरूको बीचमा सत्यको निम्ति परिश्रम गर्दा त्यस्तै प्रतिकूल परिस्थिति सामना गर्नुपरेको थियो। क्रुसको सुसमाचार बोक्नेहरूले सतर्कता र प्रार्थनाको अस्त्र बोक्नुपर्दछ। विश्वास र साहससाथ येशूको नाउँमा सक्रिय भएर जहिले पनि अघि बढिरहनुपर्दछ।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. २३०बाट रूपान्तरित।

"पृथ्वीको इतिहासको अन्त्यमा रहनेहरूलाई धर्मशास्त्र बाइबलमा देखाइएका सत्यहरूलाई प्रचार गरिन्छ। यदि ती सत्यहरूलाई सुन्नेहरूले बेरियनका धर्मशास्त्रका बुद्धिजीविहरूले जस्तै दिनदिनै सुनेका वचनहरू सत्य हुन् कि होइनन् भनेर खोजनिति गरेर परमेश्वरको वचन सम्मत छ कि छैन भनेर चासो लिएर अध्ययन गरे धेरै मानिसहरूले परमेश्वरको गरिमामय दश

आज्ञाहरूका नीतिहरूप्रति बफादार हुन सक्छन्। तर त्यसो नहुँदा थोरैले मात्र सही सत्यलाई ग्रहण गरिरहेका छन्।....

जति मानिसहरूलाई तिनीहरूले खप्न सक्ने गरेर परमेश्वरको ज्योति वा सत्य ज्ञान दिइएको हुन्छ त्यसै अनुसार तिनीहरूको न्याय गरिनेछ। परमेश्वरले आफ्ना दूतहरूलाई मुक्तिको सन्देश लिएर मानिसहरूको बीचमा पठाउनुहुन्छ। परमेश्वरको दूत वा प्रचारकहरूलाई सुन्ने मानिसहरूले कसरी व्यवहार गर्दछन् त्यसको जिम्मेवारीको लेखा परमेश्वरले लिनुहुनेछ। जो मानिस भित्री हृदयदेखि सत्यको खोजमा लागिरहेका हुन्छन् तिनीहरूले सुनेका वचन वा शिक्षाहरू परमेश्वरको वचन अनुसार सही छ कि छैन भनेर होसियारसाथ छानबिन गरेर अध्ययन गरिरहेका हुन्छन्।"-एलेन जी ह्वाइट, द आक्ट्स अभ द आपोस्टलस्, पृ. २३२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **येशूलाई विश्वास गऱ्यो भन्दैमा चर्चमा संख्या बढाउन हतारहतार बप्तिस्मा दिनु मनासिव छैन भनेर हामीले भन्यौं। यस मामिलामा एलेन जी ह्वाइट भन्नुहुन्छ, "जो मानिस बप्तिस्माको निम्ति तयार हुन्छ उसलाई राम्रोसँग तयार गर्नुपर्छ। इसाई जीवनको नीति तथा आदर्शहरूलाई उसले बुझ्ने गरेर प्रष्ट पार्नुपर्छ। नयाँ विश्वासीहरूले परमेश्वरको वचन अनुसार जिउन आफू स्पष्ट हुनुपर्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. ९१,९२बाट रूपान्तरित।**

आ. **जुन मूर्ति पुजा गर्नेहरूको देशमा पावलले तिनीहरूको संस्कार, रहनसहन, र संस्कृतिप्रति संवेदनशील भएर सुसमाचार प्रचार गरेका थिए। हामीले पनि उनी जस्तै हामीहरूको सुसमाचारसँग सम्झौता नगरि वा हामीहरूको आस्थाको पहिचानलाई नहिच्किच्याइ अरूको धर्म, ज्ञान, संस्कृति र रहनसहनप्रति कसरी संवेदनशील भएर अरूलाई सुसमाचार सुनाउने?**

इ. **प्रेरित १७:३२-३४मा लेखिएको छ "३२ जब तिनीहरूले मृतकबाट जीवित हुने विषयमा सुने, तब कसै-कसैले गिल्ला**

गरे। तर अरूहरूले चाहिँ "हामी फेरि यस विषयमा तिम्रा कुरा सुन्नेछौं" भने। ३३ त्यसपछि पावल तिनीहरूका बीचबाट गए। ३४ तर कोही मानिसहरू तिनका साथ लागे, अनि विश्वास गरे। तिनीहरूमध्ये अरियोपागसका डियनुसियस, दामारिस नाउँ भएकी एउटी स्त्री, र अरूहरू पनि थिए।"

इ. एथेन्सका बासिन्दाहरूले पावलको वचन सुनेपछि तिन थरिका मानिसहरूले आआफ्नै प्रतिक्रिया देखाएका थिए। त्यसबाट हामी के सिक्नसक्छौं? हेर्नुहोस् "(१) कसैले उनको खिसी उडाए। अनौठो यहूदीको भित्रैदेखि जोशिलो भएर बोलेको देख्दा तिनीहरूलाई रमाइलो लागेको थियो। अर्थपूर्ण जीवन जीउन आह्वान गर्दा कतिले हँसी उडाउलान् तर तिनीहरूले त्यो मजाको अन्त्य दुःख वा वियोगद्वारा अन्त हुने सम्भावनालाई हामीले बिर्सनुहुन्न। (२) कतिले वचन सुनेर पत्यार गरेतापनि पछि ग्रहण गरौंला भनेर पन्छाए। कति समयमा भोलि भनेर पर्खेर बस्नु कतिपय मानिसहरूको निम्ति खतरा साबित हुनसक्छ। (३) कतिले विश्वास गरे। मूर्खलेमात्र परमेश्वरले दिनुहुने उपहारलाई अस्वीकार गर्छ भनेर बुद्धिमानी मानिसहरूलाई थाहा हुन्छ।"- विलियम बार्क्ले, *द आक्टस् अभ आपोस्टलस्,* संसोधनित संस्करण, (फिलाडेल्फियाः वेस्टमिनस्टर, १९७६), पृ. १३३बाट रूपान्तरित।

ई. पावलले अन्य जाति वा ग्रीकहरूलाई प्रचार गर्ने बेलामा तिनीहरूकै लेखकलाई उद्धृत गरेका थिए। एथेन्सकाबासीहरूलाई आफ्नो विषयलाई बुझाउन तिनीहरूले नै मानेका बुद्धिजीविको वचनलाई तिनीहरूको सामु तेर्स्याएका थिए। सत्य कुरा अरू धर्म वा साहित्यमा छ भन्दैमा त्यो असत्य हुन सक्दैन भनेर त्यसले कसरी सिकाउँछ? फेरि त्यसैवखत अरूको दर्शन र बाइबललाई नमिसाउन कसरी सतर्क हुने?

## कथा ९

## आठ कक्षाको विद्यार्थी चर्चमा संलग्न हुन्छ

## बुमचिनअर्डेनबाट, २७ मङ्गोलिया

मङ्गोलियाको पहाडी सहरमा उसको परिवार सरेपछि आठ कक्षाको बुमचिनले चर्चमा जान चाहेको थियो। तर नयाँ सहरमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च थिएन। त्यहाँ रहेका सबै जसो १०,००० मानिसहरू बुद्ध धर्मका अनुयायीहरू थिए। उसका बाबुआमा पनि बुद्ध धर्म मान्थे। उसले एउटा इसाई चर्च भेट्टायो जुन चर्चले आइतबार मान्थ्यो। त्यो चर्च उसको हिसाब सिकाउने नयाँ शिक्षकको घरमा हुन्थ्यो। बुमचिम आफ्नो हिसाब सिकाउने सरको घरमा जान डराएको थियो।

“म हिसाबमा राम्रो थिइन, त्यसकारण त्यस शिक्षकको घरमा जान मलाई डर लागेको थियो" बुमचिमले भन्यो।

मङ्गोलियामा धेरै जसोलाई एडभेन्टिस्ट चर्चको बारेमा थाहा थिएन। तर बुमचिमलाई त्यस चर्चको बारेमा राम्रैसँग थाहा थियो। एक जना स्थानीय एडभेन्टिस्ट नातेदारले बोलाएको हुनाले बुमचिम आफ्नो पुरानो सहरमा रहेको एडभेन्टिस्ट चर्चमा जाने गर्दथ्यो। एक दिन पास्टरले उसलाई मङ्गोलियाको राजधानी उलनबाटरमा एडभेन्टिस्ट युवा भेलामा लगेका थिए। बुमचिमले त्यस भेलामा येशूको सुमाचार सुनाउने मानिसहरूको आवश्यकता भएको महसुस गरेको थियो। त्यसकारण नयाँ सहरमा येशूको सुसमाचार कसरी सुनाउने भनेर सोचिरहेको थियो।

बुमचिमले येशूको सुसमाचार कसरी सुनाउने भनेर सोच्दै गरेको बेलामा उसको घरको नजिकै रहेको पहाडमा बिहान सधैं चढ्ने पनि गरेको थियो। पहाडको टुप्पोमा बसेर भजनहरू गाउँथ्यो र परमेश्वरको अगुवाईको निम्ति प्रार्थना गर्दथ्यो।

***“प्रभु मलाई प्रयोग गर्नुहोस्" भनेर उसले प्रार्थना गर्दथ्यो।***

एक दिन बिहान प्रार्थना गरेपछि पहाडबाट खुरुरु झरेर सिधै आइतबार मान्ने चर्चमा  गयो। चर्चभित्र पसेपछि उसलाई कसोकसो लागेको थियो। २०जना ठूलो मानिसहरूको सामु आफूमात्र एक्लो बालक भएको उसले भेट्टाएको थियो। तर जब ठूलाहरूले कुरा गर्न थाले उसको असजिलोपना हट्यो। त्यो चर्च सधैंको निम्ति बन्द हुन लागेको थियो।

“यो हाम्रो चर्चको अन्तिम आराधना समय हो" एक जना चर्चको सदस्यले भन्यो। “हामी थोरै छौं, किन चर्च चलाइरहने?" अर्को चर्चको सदस्यले दुःख पोखाए। त्यस चर्चका सदस्यहरू धेरै निराश भएका थिए

किनकि धेरै जसो विश्वासीहरूले त्यस चर्चमा आइतबार आराधना गर्न आउन छोडेका थिए।

बुमचिमले उभिएर १ कोरन्थी १५:५८ पढ्यो, "त्यसकारण मेरा प्रिय भाइहरू हो नहिच्किचाउ, अडिग होऊ, परमेश्वरको काममा सधैं लागिरहनु। परमेश्वरमा तिमीहरूको परिश्रम व्यर्थ भएको छैन  भनेर थाहा पाउनु" (रूपान्तरित)। इसाईहरूले आशा छोड्नुहुन्न भनेर उसले बाइबलबाट सुनायो। जब त्यो केटाले बोल्यो तब चर्चका मानिसहरू ध्यानसँग सुनीरहे। जब उसले वचन सुनाउन सक्यो तब चर्चका सदस्यहरूले खुशी मानेर भने, "यो हाम्रो अन्तिम आराधनाको समय होइन! बरू अब नयाँ तरिकाले यो चर्च सुरू गरेर हाम्रो प्रथम आराधनाको समय हुनेछ!"

केही दिनपछि त्यस चर्चका धेरै सदस्यहरू बुमचिमसँग प्रार्थना गर्न पहाडमा चढे।

बुमचिमले पुरानो एडभेन्टिस्ट चर्चको पास्टरसँग सम्पर्क गऱ्यो। आइतबारको दिन त्यस आइतबार चर्चमा प्रचार गर्न आउन उसले अनुरोध गऱ्यो। ती पास्टरले मञ्जुर गरे र दुवै जना मिलेर महिनाको एक दिन त्यहाँका चर्चका सदस्यहरूलाई बाइबल सिकाए। त्यो क्रम छमहिनासम्म चल्यो।

"चर्चका सदस्यहरूलाई एडभेन्टिस्ट हुन आह्वान गरिँन तर तिनीहरूकहाँ गएर तिनीहरूको चर्चमा सामेल भएँ र तिनीहरूसँग प्रार्थना गर्न थालेँ" बुमचिमले भन्यो।

तर पहाडमा चढेको बेलामा आफ्नो प्रार्थनामा परिवर्तन गर्न थाल्यो। परमेश्वरले उसलाई प्रयोग गर्नुहोस् भनेर प्रार्थना गर्नुको सट्टा चर्चका विश्वासीहरूले एडभेन्टिस्ट सन्देश ग्रहण गराउन सहायता गर्नुहोस् भनेर बुमिचिमले प्रार्थना गर्न थाल्यो।

त्यो चर्चमा २० जनाबाट २७ जना विश्वासीहरू भए र बुमिचिमका साथीहरू पनि चर्चमा आउन थाले।

एक वर्षपछि त्यस चर्चका सबै २७ जना सदस्यहरू एडभेन्टिस्ट चर्चको पास्टरको चर्चमा अरू एडभेन्टिस्टहरूसँगै क्रिसमसको विशेष कार्यक्रममा सहभागी हुन गए। जब ती २७ जना आ-आफ्ना घरमा फर्के तब सबै जनाले एडभेन्टिस्ट चर्चमा सामेल हुन सहमति जनाए। मङ्गोलियामा एडभेन्टिस्ट चर्च सुरू भएको २७ वर्षमा त्योमात्र एक घट्ना हो जहाँ एउटा चर्चको सबै जना एडभेन्टिस्ट भएका थिए।

जब बुमिचिम ठूलो भएर उलनबाटरमा गयो तब त्यो चर्चमा ४० जना विश्वासीहरू भएका थिए। २७वर्षको बुमिचिमले मङ्गोलियामा चर्च स्थापना गर्न

छोडेको छैन। ऊ ग्लोबल मिसनको पायोनियर भएको छ र मङ्गोलियाको केवल एउटामात्र पाथफाइन्डर चर्चको अगुवा भएको छ। ऊ र उसकी श्रीमती मिलेर मङ्गोलियाको परम्परागत पाल जस्तो घरमा सन् २०१२मा पाथफाइन्डर चर्च खोलेका थिए। खुन्टुल सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा प्रायजसो ६० जना प्रत्येक साबथ आराधना गर्न आउँछन्। ४५ जना पाथफाइन्डर युवायुवतीहरू पनि आउँछन्। सन् २०१७मा मङ्गोलिया देशले एडभेन्टिस्ट चर्चलाई आधिकारिक मान्यता दिएको थियो। सन् २०१७मा पहिलो दश जनाले बप्तिस्मा लिएका थिए।

बुमिचिमको आठ कक्षाको हिसाब सिकाउने शिक्षक अहिले पनि हिसाबै सिकाउँछिन्। अहिले उनी उलनबाटरमा रहेको मङ्गोलियाको एकमात्र एडभेन्टिस्ट स्कूल टुसगालमा पढाउँछिन्। यस त्रैमासिक भेटीको भाग त्यस स्कूलले पनि पाउनेछ।

*अब बुमिचिमले अर्को के गर्न चाहन्छ त?*

“मङ्गोलियाभरि चर्चहरू स्थापना गर्न म चाहन्छु" आफ्नो प्रतिवद्धता व्यक्त गर्दै बुमिचिमले भन्यो।

(लेखक, आन्ड्र्यु मेकचेसनी। आठ कक्षा पढ्दा मङ्गोलियाको पहाडको टुप्पोमा बुमचिमले गीत गाएको सुन्नुहोस् *: bit.ly/eighth-grader-converts-church)* ।

<u>मङ्गोलियाको बारेमा जानकारीः</u>

-मङ्गोलियाको परम्परा अनुसार त्यहाँका मानिसहरू गेर भन्ने ठाउँमा बस्दछन्। रूसी भाषामा युर्ट भनिन्छ। यो काठको फ्रेमको पाल जस्तो घर हो। त्यसलाई छोप्न हलुका कपडा प्रयोग गर्छन् ताकि तिनीहरूलाई यताउती सजिलैसँग सार्न सकियोस्।

–मङ्गोलियालाई घोडाढीहरूको देश भनिन्छ। त्यहाँ मानिसहरूभन्दा घोडाहरू धेरै छन्। घोडाहरूलाई यात्रा गर्न, तिनीहरूबाट दूध खान र तिनीहरूको मासु खान प्रयोग गर्दछन्।

–रूसबाट आएको सुसमाचार प्रचार गर्नेहरूले सन् १९२६मा एडेन्टिस्ट सुसाचारीय काम सुरू गरेका थिए।

–मङ्गोलियामा सबभन्दा पहिला छापिएको पुस्तकमा भजन थियो। हार्बन मन्चुरियामा रहेको रूसको मिसन प्रेसमा छापिएको पुस्तकको प्रतिलिपी थियो। पछि चारवटा ससाना पर्चाहरू छापेका थिए।